शुद्धोधन गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,
मानपकडी, रुपन्देही

लुम्बिनी , प्रदेश नेपाल

प.सं. ०८५।०८०
च.नं. १७३८

मिति : २०८०/०२/१२

बिषय : सूचना टाँस सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
रुपन्देही

प्रस्तुत बिषयमा यस गाँउपालिकामा विभिन्न स्थानमा यत्रतत्र रहेको नदीजन्य पदार्थ लिलाम बढाबढको प्रकृयाद्धारा बिक्री गर्ने कार्यको मिति २०८०/०२/१२ गते प्रकाशित यसै पत्रसाथ संलग्न सूचना ताँहा कार्यालयको सूचनापाटीमा टाँसगरी सो को जानकारी यस कार्यालयमा गराईदिनुहुन अनुरोध छ ।

२०८०/२/१२

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।
श्री जिल्ला प्रहरी कार्यालय, रुपन्देही ।
श्री जिल्ला वन कार्यालय, रुपन्देही ।
श्री घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही ।
श्री सशस्त्र प्रहरी वल कार्यालय, रुपन्देही ।
श्री सबै वडा कार्यालयहरु शुद्धोधन गाउपालिका, रुपन्देही ।

शुद्धोधन गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश नेपाल

## नदीजन्य पदार्थको लिलामि बढाबढको सूचना
संसोधित मिति २०८०/०२/१२

शुद्धोधन गाँउपालिका अन्तर्गत तपसिल बमोजिम देहाएका स्थानहरुमा रहेको नदीजन्य पदार्थ जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यक्ति फर्म वा कम्पनी हरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सातदिन भित्र (मिति २०८०/२/१८ सम्म) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको प्रति प्याकेजको पाँच प्रतिशतले हुन आउने धरौटी रकम कार्यालयको धरौटी खाता कृषि विकास बैंक फर्सटिकर मा रहेको ०४२४५०११५०२७९०४५ मा जम्मा गरी भौचर सहित निवेदन दिनुहुन यो लिलाम बढाबढको सूचना आव्हान गरिएको छ ।

तपसिल

१, लिलाम बिक्रीहुने नदीजन्य पदार्थ मौजदात रहेको स्थान र परिमाण

| सि नं | अनुगमनमा स्टक देखिएको स्थान | वडा नं | स्टकमा रहेको नदीजन्य पदार्थको परिमाण | न्यूतम रकम( प्रति घनफुट रु १३ का दरले) | कैफियत |
|---|---|---|---|---|---|
| | **प्याकेज नं. १** | | | | |
| १ | परौता भाटा | १ | **१३,५३९.३५ घनफूट** | **१,७६,०११.५५** | |
| | **प्याकेज नं. २** | | | | |
| १ | किसूली | १ | १५००.६८ | | |
| २ | खरियान | १ | १३५०.०० | | |
| ३ | शिशै चोक | १ | ३१५०.०० | | |
| ४ | सामुदायीक भवनको पूर्व बेलवा | १ | ९६००.०० | | |
| | **प्याकेज नं. २ को जम्मा** | | **१५,६००.६८ घनफूट** | **२,०२,८०८.८४** | |
| | **प्याकेज नं. ३** | | | | |
| १ | कोलुवा खडवा | २ | ३१५०.०० | | |
| २ | फर्सटिकर चोकको पश्चिम चिउरा मिलको दक्षिण | ४ | ८७३.९२ | | |
| ३ | ७नं वडा कार्यालयको दक्षिण पश्चिम | ७ | १८००.०० | | |
| ४ | बोहरवाघाट जानेबाटोको पूर्व | ७ | ५१४१.१४ | | |
| | **प्याकेज नं. ३ को जम्मा** | | **१०,९६५.०६ घनफूट** | **१,४२,५४५.७८** | |

२, लिलाम बढाबढ हुने स्थान समय र मिति

क, स्थान गाँउपालिकाको कार्यालय मानपकडी ख, मिति २०८०/२/१९ ग, समय.दिनको १.०० बजे

३, लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाट शुरु हुने छ ।

४, लिलाम सकार गर्न डाँक बोल्नुअघि नै न्यूनतम मूल्य को ५ प्रतिशतले हुन आउने धरौटी खाता कृषि विकास बैंक फर्सटिकर मा रहेको ०४२४५०११५०२७९०४५ मा राख्नुपर्ने छ ।

५, प्रत्येक पटक डाँक बोल्न चाहने ब्यक्तिबाट डाँक बढ्दै गएमा सेही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुन आउने नगद धरौटी बुझाउदै जानु पर्ने छ ।लिलाम सकार गर्ने ब्यक्तिले कबोल रकममा मू.अ.कर समेत समावेश गरी भुक्तानी गर्नु पर्ने छ ।

६, लिलाम बढाबढ हुने मालसामाल हेर्न चाहने ब्यक्तिले कार्यालय समयमा प्राविधिक शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

७, लिलाम सकार गरेको सम्पत्ती सम्झौता भएको मितिले १० दिन भित्र उठाइ लैजानु पर्ने छ ।

८, लिलाम बढाबढहुने दिन सार्वजनिक बिदापर्न गएमा सो लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुने छ ।

९, मिति २०८०/०२/०९ गतेको सूचनामा अन्यथा भएकोले यसै सूचनालाइ आधारमानी कार्यगर्नु हुन ।

१०,अन्य कूराहरु कार्यालयको आवस्यकता अनुसार राख्न सकिने छ ।

२०८०/२/१२

प्रमुख प्रशासकिय अधिकृत

**लेखनाथ पोखरेल**
प्रमुख प्रशासकीय अधिकृत